# लोक सेवा आयोगका सूचनाहरु

## केन्द्रीय कार्यालय, अनामनगर

### *सूचना तथा प्रकाशन शाखा*

## राजपत्रांकित तृतीय श्रेणी (प्राविधिक) जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. १९३-०७६/७७**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (प्राविधिक) तर्फका देहायका पदहरुका लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७६/९/१ सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा दरखास्त बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

यसरी पर्न आएका दरखास्तहरु आयोगका कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरुलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरु**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ।

(ख) निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि बढुवा हुने पदको श्रेणी भन्दा एक श्रेणी मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछ।

(ग) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(ङ) दरखास्त साथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

(च) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।

(छ) दरखास्त दस्तुर रु. १०००।- (एक हजार) बुझाउनु पर्नेछ।

### विवरण

| क्र.सं.. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | १२३/०७६-७७ | तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | २ (दुई) |
| २. | १२४/०७६-७७ | इन्जिनियर, इन्जि., सिभिल, जनरल | १ (एक) |
| ३. | १२५/०७६-७७ | इन्जिनियर, इन्जि., सिभिल, हाइवे | १७ (सत्र) |
| ४. | १२६/०७६-७७ | इन्जिनियर, इन्जि., सिभिल, स्यानिटरी | ४ (चार) |
| ५. | १२७/०७६-७७ | इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | १२ (बाह्र) |
| ६. | १२८/०७६-७७ | हाइड्रोलोजिष्ट इन्जिनियर, इन्जि., सिभिल, हाईड्रोलोजी | ३ (तीन) |
| ७. | १२९/०७६-७७ | इलेक्ट्रोनिक इन्जिनियर, इन्जि., इलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेशन | १ (एक) |
| ८. | १३०/०७६-७७ | मेकानिकल इन्जिनियर, इन्जि., मेकानिकल, जनरल मेकानिकल | ३ (तीन) |
| ९. | १३१/०७६-७७ | निरीक्षक, इन्जि., मेट्रोलोजी | ३ (तीन) |
| १०. | १३२/०७६-७७ | मेटेरियोलोजिष्ट., इन्जि., मेटेरियोलोजी | १ (एक) |
| ११. | १३३/०७६-७७ | जियोलोजिष्ट, इन्जि., जियोलोजी, जनरल जियोलोजी | ३ (तीन) |
| १२. | १३४/०७६-७७ | नापी अधिकृत, इन्जि., सर्भे | १९ (उन्नाइस) |
| १३. | १३५/०७६-७७ | केमिष्ट/सहायक वैज्ञानिक अधिकृत/सहायक अनुसन्धान अधिकृत, इन्जि., केमिष्ट्री | ३ (तीन) |
| १४. | १३६/०७६-७७ | पशु विकास अधिकृत, कृषि, ला.पो. एण्ड. डे. डे. | १ (एक) |
| १५. | १३७/०७६-७७ | बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | १ (एक) |
| १६. | १३८/०७६-७७ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | ३ (तीन) |
| १७. | १३९/०७६-७७ | खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु.नि. | १० (दश) |
| १८. | १४०/०७६-७७ | स.व्य.अ./स.सं.अ./स.अ., वन, नेशनल पार्क्स् एण्ड वाइल्ड लाइफ | ३ (तीन) |
| १९. | १४१/०७६-७७ | कम्प्युटर इन्जिनियर, विविध | १३ (तेह्र) |
| २०. | १४२/०७६-७७ | पुरातत्व अधिकृत, शिक्षा, पुरातत्व, पुरातत्व | १ (एक) |

# स्वास्थ्य सेवाका सातौं तहका पदहरुमा कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनकबाट हुने समायोजनद्वारा हुने बढुवा सूचना

**सूचना नं. १९४-०७६/७७**

कार्यसम्पादन तथा अनुभवको मूल्यांकनद्वारा पूर्ति गर्नु पर्ने देहायका पदहरुका लागि स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन) को दफा ८(१) तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७६/९/१ सम्ममा दरखास्त दिनुहुन सूचित गरिन्छ। दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा दरखास्त बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

यसरी पर्न आएका दरखास्तहरु आयोगका कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरुलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ।

**उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु**

(क) स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २७ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ।
(ख) दरखास्त साथ स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ बमोजिम स्तर बृद्धि भएको पत्र र तल्लो तहको नियुक्ति पत्र पेश गर्नु पर्नेछ।
(ग) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।
(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।
(च) दरखास्त दस्तुर रु. १०००।- (एक हजार) बुझाउनु पर्नेछ।

| क्र.सं. | बढुवा समायोजन सूचना नं. | सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | १४३/०७६-७७ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग | १ (एक) |
| २. | १४४/०७६-७७ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी | २ (दुई) |
| ३. | १४५/०७६-७७ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्सपेक्सन | १ (एक) |

# राजपत्रांकित तृतीय श्रेणी (प्राविधिक) तथा स्वास्थ्य सेवाका आठौं र सातौं तहका पदको आ.प्र., खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. १९५-०७६/७७**

निजामती सेवा तथा स्वास्थ्य सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा श्रेणी/तहका आ.प्र., खुला तथा समावेशी पदहरुमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.psc.gov.np मार्फत् आवेदन दिनुपर्नेछ। आयोगको मिति २०७६।७।२५ को निर्णयानुसार परीक्षा योजनामा परिवर्तन गरिएको हुँदा सोही अनुसार परीक्षा कार्यक्रम राखिएको छ।

## (क) राजपत्राङ्कित तृतीय श्रेणी (प्राविधिक)

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | किसिम/समूह | पुनः विज्ञापन पद संख्या | पद संख्या | जम्मा माग पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | १७२४६/०७६-७७ | तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | खुला | - | १ (एक) | १ (एक) | २०७६/११/२८ गते दिनको २:०० बजे | २०७६/११/२९ गते दिनको २:०० बजे |
| २. | १७२४७/०७६-७७ | तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | आ.ज. | - | १ (एक) | १ (एक) | | |
| ३. | १७२४८/०७६-७७ | क. इन्जिनियर, इन्जि., सिभिल, जनरल | खुला | - | २ (दुई) | २ (दुई) | २०७६/११/३० गते दिनको २:०० बजे | २०७६/१२/१ गते दिनको २:०० बजे |
| | | ख. इन्जिनियर, इन्जि., सिभिल, हाइवे | | - | २१ (एक्काइस) | २१ (एक्काइस) | | |
| | | ग. इन्जिनियर, इन्जि., सिभिल, स्यानिटरी | | - | ६ (छ) | ६ (छ) | | |
| | | घ. इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | | - | १५ (पन्ध्र) | १५ (पन्ध्र) | | |
| | | **जम्मा माग पद** | | | **४४ (चवालीस)** | **४४ (चवालीस)** | | |
| ४. | १७२४९/०७६-७७ | क. इन्जिनियर, इन्जि., सिभिल, हाइवे | महिला | - | ६ (छ) | ६ (छ) | | |
| | | ख. इन्जिनियर, इन्जि., सिभिल, स्यानिटरी | | - | २ (दुई) | २ (दुई) | | |
| | | ग. इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | | - | ४ (चार) | ४ (चार) | | |
| | | **जम्मा माग पद** | | | **१२ (बाह्र)** | **१२ (बाह्र)** | | |
| ५. | १७२५०/०७६-७७ | क. इन्जिनियर, इन्जि., सिभिल, हाइवे | आ.ज. | - | ४ (चार) | ४ (चार) | | |
| | | ख. इन्जिनियर, इन्जि., सिभिल, स्यानिटरी | | - | १ (एक) | १ (एक) | | |
| | | ग. इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | | - | ३ (तीन) | ३ (तीन) | | |
| | | **जम्मा माग पद** | | | **८ (आठ)** | **८ (आठ)** | | |
| ६. | १७२५१/०७६-७७ | क. इन्जिनियर, इन्जि., सिभिल, जनरल | मधेसी | - | १ (एक) | १ (एक) | | |
| | | ख. इन्जिनियर, इन्जि., सिभिल, हाइवे | | - | ४ (चार) | ४ (चार) | | |
| | | ग. इन्जिनियर, इन्जि., सिभिल, स्यानिटरी | | - | १ (एक) | १ (एक) | | |
| | | घ. इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | | - | ३ (तीन) | ३ (तीन) | | |
| | | **जम्मा माग पद** | | | **९ (नौ)** | **९ (नौ)** | | |
| ७. | १७२५२/०७६-७७ | क. इन्जिनियर, इन्जि., सिभिल, हाइवे | दलित | - | १ (एक) | १ (एक) | | |
| | | ख. इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | | - | १ (एक) | १ (एक) | | |
| | | **जम्मा माग पद** | | | **२ (दुई)** | **२ (दुई)** | | |
| ८. | १७२५३/०७६-७७ | क. इन्जिनियर, इन्जि., सिभिल, हाइवे | अपाङ्ग | - | १ (एक) | १ (एक) | | |
| | | ख. इन्जिनियर, इन्जि., सिभिल, स्यानिटरी | | - | १ (एक) | १ (एक) | | |
| | | ग. इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | | - | १ (एक) | १ (एक) | | |
| | | **जम्मा माग पद** | | | **३ (तीन)** | **३ (तीन)** | | |
| ९. | १७२५४/०७६-७७ | क. इन्जिनियर, इन्जि., सिभिल, हाइवे | पि.क्षे. | - | १ (एक) | १ (एक) | | |
| | | ख. इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | | - | १ (एक) | १ (एक) | | |
| | | **जम्मा माग पद** | | | **२ (दुई)** | **२ (दुई)** | | |

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | किसिम/समूह | पुनः विज्ञापन पद संख्या | पद संख्या | जम्मा माग पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १०. | १७२५५/०७६-७७ | हाईड्रोलोजिष्ट इन्जिनियर, इन्जि., सिभिल, हाईड्रोलोजी | खुला | - | २ (दुई) | २ (दुई) | २०७६/१२/२ गते दिनको २:०० बजे | २०७६/१२/३ गते दिनको २:०० बजे |
| ११. | १७२५६/०७६-७७ | हाईड्रोलोजिष्ट इन्जिनियर, इन्जि., सिभिल, हाईड्रोलोजी | आ.ज. | - | १ (एक) | १ (एक) | | |
| १२. | १७२५७/०७६-७७ | हाईड्रोलोजिष्ट इन्जिनियर, इन्जि., सिभिल, हाईड्रोलोजी | अपाङ्ग | - | १ (एक) | १ (एक) | | |
| १३. | १७२५८/०७६-७७ | मेकानिकल इन्जिनियर, इन्जि., मेकानिकल, जनरल मेकानिकल | खुला | - | ३ (तीन) | ३ (तीन) | २०७६/१२/४ गते दिनको २:०० बजे | २०७६/१२/५ गते दिनको २:०० बजे |
| १४. | १७२५९/०७६-७७ | मेकानिकल इन्जिनियर, इन्जि., मेकानिकल, जनरल मेकानिकल | महिला | - | १ (एक) | १ (एक) | | |
| १५. | १७२६०/०७६-७७ | मेकानिकल इन्जिनियर, इन्जि., मेकानिकल, जनरल मेकानिकल | आ.ज. | - | १ (एक) | १ (एक) | | |
| १६. | १७२६१/०७६-७७ | मेकानिकल इन्जिनियर, इन्जि., मेकानिकल, जनरल मेकानिकल | मधेसी | - | १ (एक) | १ (एक) | | |
| १७. | १७२६२/०७६-७७ | माइनिङ्ग इन्जिनियर, इन्जि., माइनिङ | खुला | २ (दुई) | १ (एक) | ३ (तीन) | २०७६/१२/४ गते दिनको २:०० बजे | २०७६/१२/५ गते दिनको २:०० बजे |
| १८. | १७२६३/०७६-७७ | केमिकल इन्जिनियर, इन्जि., केमिकल | खुला | - | १ (एक) | १ (एक) | २०७६/१२/६ गते दिनको २:०० बजे | २०७६/१२/७ गते दिनको २:०० बजे |
| १९. | १७२६४/०७६-७७ | निरीक्षक, इन्जि., मेट्रोलोजी | खुला | - | ४ (चार) | ४ (चार) | २०७६/१२/८ गते दिनको २:०० बजे | २०७६/१२/९ गते दिनको २:०० बजे |
| २०. | १७२६५/०७६-७७ | निरीक्षक, इन्जि., मेट्रोलोजी | महिला | - | १ (एक) | १ (एक) | | |
| २१. | १७२६६/०७६-७७ | निरीक्षक, इन्जि., मेट्रोलोजी | आ.ज. | - | १ (एक) | १ (एक) | | |
| २२. | १७२६७/०७६-७७ | निरीक्षक, इन्जि., मेट्रोलोजी | अपाङ्ग | - | १ (एक) | १ (एक) | | |
| २३. | १७२६८/०७६-७७ | मेटेरियोलोजिष्ट., इन्जि., मेटेरियोलोजी | खुला | - | ३ (तीन) | ३ (तीन) | २०७६/१२/१० गते दिनको २:०० बजे | २०७६/१२/११ गते दिनको २:०० बजे |
| २४. | १७२६९/०७६-७७ | मेटेरियोलोजिष्ट., इन्जि., मेटेरियोलोजी | आ.ज. | - | १ (एक) | १ (एक) | | |
| २५. | १७२७०/०७६-७७ | मेटेरियोलोजिष्ट., इन्जि., मेटेरियोलोजी | अपाङ्ग | १ (एक) | - | १ (एक) | | |
| २६. | १७२७१/०७६-७७ | जियोलोजिष्ट/सिस्मोलोजिष्ट, इन्जि., जियोलोजी., जनरल जियोलोजी | खुला | - | ३ (तीन) | ३ (तीन) | २०७६/१२/१० गते दिनको २:०० बजे | २०७६/१२/११ गते दिनको २:०० बजे |
| २७. | १७२७२/०७६-७७ | जियोलोजिष्ट/सिस्मोलोजिष्ट, इन्जि., जियोलोजी., जनरल जियोलोजी | महिला | - | १ (एक) | १ (एक) | | |
| २८. | १७२७३/०७६-७७ | जियोलोजिष्ट/सिस्मोलोजिष्ट, इन्जि., जियोलोजी., जनरल जियोलोजी | आ.ज. | - | १ (एक) | १ (एक) | | |
| २९. | १७२७४/०७६-७७ | नापी अधिकृत, इन्जि., सर्भे | खुला | १ (एक) | २३ (तेइस) | २४ (चौबीस) | २०७६/१२/१४ गते दिनको २:०० बजे | २०७६/१२/१५ गते दिनको २:०० बजे |
| ३०. | १७२७५/०७६-७७ | नापी अधिकृत, इन्जि., सर्भे | महिला | - | ७ (सात) | ७ (सात) | | |
| ३१. | १७२७६/०७६-७७ | नापी अधिकृत, इन्जि., सर्भे | आ.ज. | - | ५ (पाँच) | ५ (पाँच) | | |
| ३२. | १७२७७/०७६-७७ | नापी अधिकृत, इन्जि., सर्भे | मधेसी | - | ४ (चार) | ४ (चार) | | |
| ३३. | १७२७८/०७६-७७ | नापी अधिकृत, इन्जि., सर्भे | दलित | १ (एक) | १ (एक) | २ (दुई) | | |
| ३४. | १७२७९/०७६-७७ | नापी अधिकृत, इन्जि., सर्भे | अपाङ्ग | - | १ (एक) | १ (एक) | | |
| ३५. | १७२८०/०७६-७७ | नापी अधिकृत, इन्जि., सर्भे | पि.क्षे. | - | १ (एक) | १ (एक) | | |
| ३६. | १७२८१/०७६-७७ | केमिष्ट/सहायक वैज्ञानिक अधिकृत/सहायक अनुसन्धान अधिकृत, इन्जि., केमिष्ट्री | खुला | - | ४ (चार) | ४ (चार) | २०७६/१२/१२ गते दिनको २:०० बजे | २०७६/१२/१३ गते दिनको २:०० बजे |
| ३७. | १७२८२/०७६-७७ | केमिष्ट/सहायक वैज्ञानिक अधिकृत/सहायक अनुसन्धान अधिकृत, इन्जि., केमिष्ट्री | महिला | - | २ (दुई) | २ (दुई) | | |
| ३८. | १७२८३/०७६-७७ | केमिष्ट/सहायक वैज्ञानिक अधिकृत/सहायक अनुसन्धान अधिकृत, इन्जि., केमिष्ट्री | आ.ज. | - | १ (एक) | १ (एक) | | |
| ३९. | १७२८४/०७६-७७ | केमिष्ट/सहायक वैज्ञानिक अधिकृत/सहायक अनुसन्धान अधिकृत, इन्जि., केमिष्ट्री | मधेसी | - | १ (एक) | १ (एक) | | |
| ४०. | १७२८५/०७६-७७ | पशु विकास अधिकृत, कृषि, ला.पो. एण्ड. डे. डे. | खुला | - | १ (एक) | १ (एक) | २०७६/१२/२ गते बिहान ८:०० बजे | २०७६/१२/३ गते बिहान ८:०० बजे |
| ४१. | १७२८६/०७६-७७ | बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | खुला | – | २ (दुई) | २ (दुई) | २०७६/१२/४ गते बिहान ८:०० बजे | २०७६/१२/५ गते बिहान ८:०० बजे |
| ४२. | १७२८७/०७६-७७ | बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | अपाङ्ग | – | १ (एक) | १ (एक) | | |
| ४३. | १७२८८/०७६-७७ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | खुला | – | ४ (चार) | ४ (चार) | २०७६/१२/६ गते बिहान ८:०० बजे | २०७६/१२/७ गते बिहान ८:०० बजे |
| ४४. | १७२८९/०७६-७७ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | महिला | – | १ (एक) | १ (एक) | | |
| ४५. | १७२९०/०७६-७७ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | आ.ज. | – | १ (एक) | १ (एक) | | |
| ४६. | १७२९१/०७६-७७ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | मधेसी | – | १ (एक) | १ (एक) | | |
| ४७. | १७२९२/०७६-७७ | कृषि इन्जिनियर, कृषि, एगृ इन्जिनियरिङ्ग | खुला | - | १ (एक) | १ (एक) | २०७६/१२/८ गते बिहान ८:०० बजे | २०७६/१२/९ गते बिहान ८:०० बजे |
| ४८. | १७२९३/०७६-७७ | खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु.नि. | खुला | - | १३ (तेह) | १३ (तेह) | २०७६/१२/१० गते बिहान ८:०० बजे | २०७६/१२/११ गते बिहान ८:०० बजे |
| ४९. | १७२९४/०७६-७७ | खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु.नि. | महिला | - | ४ (चार) | ४ (चार) | | |
| ५०. | १७२९५/०७६-७७ | खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु.नि. | आ.ज. | - | ३ (तीन) | ३ (तीन) | | |
| ५१. | १७२९६/०७६-७७ | खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु.नि. | मधेसी | - | २ (दुई) | २ (दुई) | | |
| ५२. | १७२९७/०७६-७७ | खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु.नि. | दलित | - | १ (एक) | १ (एक) | | |
| ५३. | १७२९८/०७६-७७ | खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु.नि. | पि.क्षे. | १ (एक) | - | १ (एक) | | |
| ५४. | १७२९९/०७६-७७ | स.अ.अ./स.वै.अ., वन, बोटानी | खुला | १ (एक) | - | १ (एक) | २०७६/१२/१२ गते बिहान ८:०० बजे | २०७६/१२/१३ गते बिहान ८:०० बजे |
| ५५. | १७३००/०७६-७७ | स.अ.अ./स.वै.अ., वन, बोटानी | दलित | १ (एक) | - | १ (एक) | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५६. | १७३०१/०७६-७७ | स.व्य.अ./स.सं.अ., वन, नेशनल पार्कस् एण्ड वाइल्ड लाइफ | खुला | - | ४ (चार) | ४ (चार) | २०७६/१२/१४ गते बिहान ८:०० बजे | २०७६/१२/१५ गते बिहान ८:०० बजे |
| ५७. | १७३०२/०७६-७७ | स.व्य.अ./स.सं.अ., वन, नेशनल पार्कस् एण्ड वाइल्ड लाइफ | महिला | - | १ (एक) | १ (एक) | | |
| ५८. | १७३०३/०७६-७७ | स.व्य.अ./स.सं.अ., वन, नेशनल पार्कस् एण्ड वाइल्ड लाइफ | आ.ज. | - | १ (एक) | १ (एक) | | |
| ५९. | १७३०४/०७६-७७ | स.व्य.अ./स.सं.अ., वन, नेशनल पार्कस् एण्ड वाइल्ड लाइफ | मधेसी | - | १ (एक) | १ (एक) | | |
| ६०. | १७३०५/०७६-७७ | कम्प्युटर इञ्जिनियर, विविध | खुला | १ (एक) | १६ (सोह) | १७ (सत्र) | २०७६/१२/१६ गते बिहान ८:०० बजे | २०७६/१२/१७ गते बिहान ८:०० बजे |
| ६१. | १७३०६/०७६-७७ | कम्प्युटर इञ्जिनियर, विविध | महिला | १ (एक) | ४ (चार) | ५ (पाँच) | | |
| ६२. | १७३०७/०७६-७७ | कम्प्युटर इञ्जिनियर, विविध | आ.ज. | - | ३ (तीन) | ३ (तीन) | | |
| ६३. | १७३०८/०७६-७७ | कम्प्युटर इञ्जिनियर, विविध | मधेसी | २ (दुई) | २ (दुई) | ४ (चार) | | |
| ६४. | १७३०९/०७६-७७ | कम्प्युटर इञ्जिनियर, विविध | दलित | - | १ (एक) | १ (एक) | | |
| ६५. | १७३१०/०७६-७७ | कम्प्युटर इञ्जिनियर, विविध | अपाङ्ग | - | १ (एक) | १ (एक) | | |
| ६६. | १७३११/०७६-७७ | कम्प्युटर इञ्जिनियर, विविध | पि.क्षे. | - | १ (एक) | १ (एक) | | |
| ६७. | १७३१२/०७६-७७ | महिला विकास अधिकृत, विविध | महिला | - | १ (एक) | १ (एक) | प्रथम पत्र: २०७६/१२/१६ गते दिनको २:०० बजे; द्वितीय पत्र: २०७६/१२/१७ गते दिनको २:०० बजे | तृतीय पत्र: २०७६/१२/१८ गते दिनको २:०० बजे |

## (ख) स्वास्थ्य सेवाका आठौं तह

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | विज्ञापन किसिम | पुनः विज्ञापन पद संख्या | पद संख्या | जम्मा माग पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | १७३१३/०७६-७७ | डेण्टल सर्जन, स्वास्थ्य, डेण्टिष्ट्री | मधेसी | - | १ (एक) | १ (एक) | २०७६/१२/१८ गते बिहान ८:०० बजे | २०७६/१२/१९ गते बिहान ८:०० बजे |

## (ग) स्वास्थ्य सेवाका सातौं तह

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | विज्ञापन किसिम | पुनः विज्ञापन पद संख्या | पद संख्या | जम्मा माग पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | १७३१४/०७६-७७ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग | महिला | - | १ (एक) | १ (एक) | २०७६/१२/१८ गते बिहान ८:०० बजे | २०७६/१२/१९ गते बिहान ८:०० बजे |
| २. | १७३१५/०७६-७७ | कम्युनिटी नर्सिङ्ग अधिकृत, स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग | खुला | - | १ (एक) | १ (एक) | २०७६/१२/२० गते बिहान ८:०० बजे | २०७६/१२/२१ गते बिहान ८:०० बजे |
| ३. | १७३१६/०७६-७७ | स्वास्थ्य शिक्षा अधिकृत, स्वास्थ्य, हेल्थ एजुकेशन | पि.क्षे. | १ (एक) | - | १ (एक) | २०७६/१२/२२ गते बिहान ८:०० बजे | २०७६/१२/२३ गते बिहान ८:०० बजे |
| ४. | १७३१७/०७६-७७ | फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी | आ.ज. | - | १ (एक) | १ (एक) | २०७६/१२/२४ गते बिहान ८:०० बजे | २०७६/१२/२५ गते बिहान ८:०० बजे |
| ५. | १७३१८/०७६-७७ | फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी | दलित | १ (एक) | - | १ (एक) | | |
| ६. | १७३१९/०७६-७७ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी | आ.प्र. | - | १ (एक) | १ (एक) | २०७६/१२/२६ गते बिहान ८:०० बजे | २०७६/१२/२७ गते बिहान ८:०० बजे |
| ७. | १७३२०/०७६-७७ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी | खुला | १ (एक) | ३ (तीन) | ४ (चार) | | |
| ८. | १७३२१/०७६-७७ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी | महिला | - | १ (एक) | १ (एक) | | |
| ९. | १७३२२/०७६-७७ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी | आ.ज. | - | १ (एक) | १ (एक) | | |
| १०. | १७३२३/०७६-७७ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी | मधेसी | - | १ (एक) | १ (एक) | | |
| ११. | १७३२४/०७६-७७ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्सपेक्सन | आ.प्र. | - | १ (एक) | १ (एक) | २०७६/१२/२८ गते बिहान ८:०० बजे | २०७६/१२/२९ गते बिहान ८:०० बजे |
| १२. | १७३२५/०७६-७७ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्सपेक्सन | खुला | - | २ (दुई) | २ (दुई) | | |
| १३. | १७३२६/०७६-७७ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्सपेक्सन | महिला | - | १ (एक) | १ (एक) | | |
| १४. | १७३२७/०७६-७७ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्सपेक्सन | मधेसी | - | १ (एक) | १ (एक) | | |

**परीक्षाको किसिमः-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।

**परीक्षा केन्द्रः-** काठमाडौं ।

**दरखास्त दस्तुरः-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. १,०००।- (एक हजार) बुझाउनु पर्नेछ । एकै सेवा/समूह/उपसमूहको पदका समावेशी समूह तथा आ.प्र. तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह/आ.प्र. प्रत्येकका लागि रु. ४००।- (चार सय) थप दस्तुर बुझाउनु पर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति :** २०७६/८/१७ र दोब्बर दस्तुर तिरी २०७६/८/२४ सम्म ।

**उम्मेदवारको उमेरको हद :**
- निजामती सेवा तर्फका पदहरुको हकमा २०७६/८/१७ सम्म २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।
- स्वास्थ्य सेवा तर्फका पदहरुको हकमा २०७६/८/१७ सम्म २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको ।
- बहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थान :** **अनलाइन मार्फत दरखास्त दस्तुर बुझाउने विधि :**

आयोगको अनलाईन दरखास्त प्रणालीबाट फर्म submit गरेपछि Payment Tab को view applied advertisement मा Click गरी आफूले Apply गरेको list मा रहेको "तिर्नुहोस्" link मा Click गर्ने । त्यसपछि देखिने शर्त मञ्जुर गर्ने Check Box मा Tick लगाइ Online Payment button मा Click गरेपछि देखिने भौचरसँग रहेको Connect IPS Radio button मा Click गरी "रकम भुक्तानी गर्नुहोस्" बटनमा click गर्ने । त्यसपछि आउने स्क्रिनबाट Connect IPS प्रणालीमा login गरी आफ्नो बैंक खाता छानी सोझै दस्तुर बुझाउन सकिनेछ । Connect IPS को सेवा प्रयोग गर्नु पूर्व एक पटक www.connectips.com मा गई Sign Up गर्नका साथै उक्त प्रणालीसँग जोडिएका बैंकहरुमध्ये आफ्नो खाता रहेको बैकको खातालाई link गरी सो बैंकबाट verify गराइएको हुनुपर्नेछ ।

**बैंक मार्फत नगद दरखास्त दस्तुर बुझाउने विधि :**

आयोगको अनलाईन दरखास्त प्रणालीबाट फर्म submit गरेपछि Payment Tab को view applied advertisement मा Click गरी आफूले Apply गरेको list मा रहेको "तिर्नुहोस्" Link मा Click गर्ने । त्यसपछि देखिने शर्त मञ्जुर गर्ने Check Box मा Tick लगाइ **राष्ट्रिय वाणिज्य बैंक/ग्लोबल आई.एम.ई. बैंक/एन.आइ.सी. एशिया बैंक** मध्ये आफूलाई पायक पर्ने कुनै एक बैंकमा क्लिक गर्नु पर्नेछ। सो पश्चात् देखिने भौचरको तल पट्टी रहेको शर्त मञ्जुर गर्ने check box मा Tick लगाइ activate हुने print button मा click गरी भौचर Print गरेर उक्त बैंकको नजिकको शाखामा गई भौचर पेश गरी रकम बुझाउन सकिन्छ। उक्त भौचर विना बैंकहरुले नगद नबुझ्ने भएकोले अनिवार्य रुपमा भौचर प्रिन्ट गरी साथै लिइ जानुपर्नेछ। उल्लेखित बैङ्कहरुका नेपाल भरिका सबै शाखाहरुबाट नगद बुझाउन सकिने छ।

**दरखास्त दस्तुर बुझाउने अवधि :-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरु :** **उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा** PDF Format मा **अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी** JPG Format मा **अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।**

**दरखास्त बुझाउने उम्मेदवारहरुलाई विशेष सूचना :** माथि उल्लेखित विज्ञापनहरुमध्ये निजामती सेवातर्फ नेपाल इन्जिनियरिङ्ग सेवा अन्तर्गत सर्भे समूहको पदहरु र स्वास्थ्य सेवातर्फका पदहरुमा दरखास्त दिने उम्मेदवारहरुले आफूले दरखास्त दिने क्रममा खुलाएका विवरणहरुको सक्कल कागजात (नागरिकता, शैक्षिक योग्यताका लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र, समावेशी विवरण खुल्ने कागजात, खुलातर्फ दरखास्त दिंदा अनुभवको विवरण खुलाउनु पर्ने कागजात, सेवा अवधि तथा असाधारण बिदा प्रमाणित हुने कागजात, समकक्षता/सम्बद्धता निर्धारण गरेका कागजात, स्तरवृद्धि भएको भए सो सम्बन्धी कागजात, सम्बन्धित व्यवसायिक परिषद्मा दर्ता/नवीकरण भएका कागजात आदि) हरुको सक्कल सहित नक्कल १/१ प्रति साथमा ल्याई परीक्षा हुने मितिभन्दा कम्तीमा १५ दिन अगाडिसम्म दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरबाट रुजु गराई सक्नु पर्नेछ। यसरी रुजु भएपछि सम्बन्धित पदका लागि योग्य ठहरिएका उम्मेदवारलाई मात्र लिखित परीक्षामा सम्मिलित गराइनेछ।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी।

**तलबः-** प्रचलित कानून बमोजिम।

**सेवा सम्बन्धी मन्त्रालयः-** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित मन्त्रालय।

## आवश्यक न्यूनतम योग्यताः

***(क) स्वास्थ्य सेवा, आ.प्र. तर्फका पदको लागि***

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन) को दफा २६ र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ (संशोधन सहित) को नियम ८१ बमोजिम तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेको तथा ऐनको दफा २७ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(१) समेतका आधारमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ७ मा तोकिएका देहाय बमोजिमका आवश्यक न्यूनतम योग्यता पुगेका स्वास्थ्य सेवाका कर्मचारी हुनु पर्नेछ। दरखास्त दिने उम्मेदवारहरु दरखास्त दिने अन्तिम मितिसम्ममा अनिवार्य रुपमा सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ।

१. **स्वास्थ्य, फार्मेसी, फार्मेसी अधिकृत, सातौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसीमा स्नातक उपाधि प्राप्त।
२. **स्वास्थ्य, हेल्थ इन्स्पेक्सन, जनस्वास्थ्य अधिकृत, सातौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण।

***(ख) खुलाको लागि***

***(अ) निजामती सेवा तर्फ***

निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुका साथै निजामती सेवा नियमावली, २०५० को नियम १५ बमोजिम तोकिएका देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ।

१. **आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा गणित वा जनसंख्या शास्त्र वा एप्लाइड स्टाटिस्टिक्स विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा तथ्याङ्क विषय सहित कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण।
२. **इन्जि., सिभिल, जनरल :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण।
३. **इन्जि., सिभिल, हाइवे :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा हाइवे इन्जिनियरिङ्ग वा ट्रान्स्पोर्टेशन इन्जिनियरिङ्ग वा स्ट्रक्चरल इन्जिनियरिङ्ग विषयमा कम्तीमा बी.ई. वा सो सरह उत्तीर्ण।
४. **इन्जि., सिभिल, स्यानिटरी :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा स्यानिटरी इन्जिनियरिङ्ग वा पब्लिक हेल्थ इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण।
५. **इन्जि., सिभिल, इरिगेशनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण।
६. **इन्जि., सिभिल, हाइड्रोलोजी :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह वा हाइड्रोलोजीमा स्नातकोत्तर डिप्लोमा उपाधि वा हाइड्रोलोजी विषय लिई जियोलोजीमा एम. एस्सी. वा एम. टेक. वा सो सरह उत्तीर्ण।
७. **इन्जि., मेकानिकल, जनरल मेकानिकल :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ्ग वा अटोमोवाइल इन्जिनियरिङ्ग वा इण्डस्ट्रियल इन्जिनियरिङ्गमा बी.ई. वा सो सरह उत्तीर्ण।
८. **इन्जि., माइनिङ्ग इन्जिनियरिङ्ग :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट माइनिङ्ग विषयमा बी.ई., बी.एस्सी., बी.टेक. वा सो सरह उत्तीर्ण।
९. **इन्जि., केमिकल इन्जिनियरिङ्ग :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट केमिकल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण वा केमिकल टेक्नोलोजी विषयमा बी.टेक. वा सो सरह उत्तीर्ण वा पेट्रोलियम टेक्नोलोजी एण्ड म्यानेजमेन्ट विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण।
१०. **इन्जि., मेट्रोलोजी :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट भौतिकशास्त्र वा गणितमा एम.एस्सी. वा मेकानिकल वा इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उत्तीर्ण वा विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण गरी मेट्रोलोजी विषयमा कम्तिमा ३ महिनाको तालिम प्राप्त।

११. **इन्जि., मेटेरियोलोजी :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेटेरियोलोजी विषयमा बी.एस्सी. वा सो सरह वा विज्ञानमा स्नातक उपाधि हासिल गरी WMO को स्ट्याण्डर्ड अनुसार कम्तीमा एक वर्षको तालिम प्राप्त ।

१२. **इन्जि., जियोलोजी, जनरल जियोलोजी :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जियोलोजी वा एप्लाइड जियोलोजी वा इञ्जिनियरिङ्ग जियोलोजी वा हाइड्रो जियोलोजी वा जियोकेमिष्ट्री वा जियोलोजकल इञ्जिनियरिङ्ग वा जियोफिजिक्स विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण ।

१३. **इन्जि., सर्भे :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोमेटिक्स इन्जिनियरिङ्गमा स्नातक वा सो सरह उत्तीर्ण गरेको । तर सम्वत् २०६८ साल भदौ १२ गते सूचना प्रकाशित हुनु अघि इन्जिनियरिङ्ग सेवा, सर्भे समूहमा वहाल रहेका कर्मचारीको हकमा त्यस्तो सेवा, समूहमा प्रवेश गर्दा तोकिएको शैक्षिक योग्यता नै न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।

१४. **इन्जि., केमेष्ट्री :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट केमिष्ट्री विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण ।

१५. **कृषि, ला.पो. एण्ड डे.डे. :-** पशु विज्ञान मुख्य विषय लिई बी.एस्सी.एजी उत्तीर्ण वा बि.टेक. (डेरी टेक्नोलोजी) वा बी.भी.एस्सी. एण्ड ए.एच. वा बी.भी.एस्सी. / डि.भि.एम. वा बि.टेक.एड. (लाइभस्टक एक्सटेन्सन) वा सो सरह उत्तीर्ण ।

१६. **कृषि, बाली संरक्षण :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी. एग्.) वा सो सरह उत्तीर्ण ।

१७. **कृषि, भेटेरिनरी :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.भी.एस्सी. एण्ड ए.एच.वा बि.भी.एस्सी. वा डि.भि.एम. वा सो सरह उत्तीर्ण गरी नेपाल पशु चिकित्सा परिषद्मा दर्ता भएको ।

१८. **कृषि, एग्. इन्जिनियरिङ्ग :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि इन्जिनियरिङ्ग विषयमा स्नातक तह (B.Sc.Ag.Eng) वा सो सरह उत्तीर्ण ।

१९. **कृषि, खा.पो. तथा गु.नि. :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ४ वर्ष अवधिको खाद्य विज्ञान/खाद्य प्रविधि/खाद्य इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण वा साधारण विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरी खाद्य विज्ञान/खाद्य प्रविधि/खाद्य इन्जिनियरिङ्ग/खाद्य सुरक्षा/खाद्य वायोटेक्निोलोजी/खाद्य माइक्रोवायोलोजी/खाद्य टक्सीकोलोजी/खाद्य वायोकेमिष्ट्री/मानव पोषण विषयहरुमध्ये कुनै एकमा कम्तीमा २ वर्ष अवधिको स्नातकोत्तर तह उत्तीर्ण ।

**कृषि सेवाका विभिन्न समूह :-** मिति २०६९।८।२५ मा प्रकाशित नेपाल राजपत्र भाग ५ को सूचना बमोजिम स्पष्टिकरणमा उल्लेख भए बमोजिम "माथि विभिन्न प्रकरणमा विभिन्न समूहहरुका विभिन्न श्रेणीहरुका लागि तोकिएको शैक्षिक योग्यता यो सूचना प्रकाशन हुनुभन्दा अगाडि सेवा प्रवेश गरेका निजामती कर्मचारीहरुको हकमा लागु हुने छैन र त्यस्ता निजामती कर्मचारीहरुको हकमा साविक नियममा उल्लेखित व्यवस्था अनुसार नै हुने छ ।"

२०. **वन, बोटानी :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय बोटानी लिई विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण ।

२१. **वन, नेशलन पार्कस् एण्ड वाइल्ड लाइफ :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान वा वन्यजन्तु व्यवस्थापन वा वाइल्ड लाइफ इकोलोजी वा पार्कस् एण्ड रिक्रियसन वा प्राकृतिक श्रोत व्यवस्थापन विषयमा स्नातक वा सो सरह उत्तीर्ण ।

२२. **विविध, कम्प्युटर इन्जिनियर :-** कम्प्युटर इञ्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक इञ्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रिकल र इलेक्ट्रोनिक इञ्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक र कम्यूनिकेशन इञ्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण ।

२३. **विविध, महिला विकास अधिकृत :-** - मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण ।

## *(आ) स्वास्थ्य सेवातर्फ*

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुका साथै नेपाल स्वास्थ्य नियमावली, २०५५ को अनुसूची-६ मा उल्लेखित देहाय बमोजिमको शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ । दरखास्त दिने उम्मेदवारहरु दरखास्त दिने अन्तिम मितिसम्ममा अनिवार्य रुपमा मेडिकल काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

१. **स्वास्थ्य, डेन्टिष्ट्री, डेन्टल सर्जन, आठौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.डि.एस्सी. वा बि.डि.एस. उपाधि प्राप्त ।

२. **स्वास्थ्य, जनरल नर्सिङ्ग, नर्सिङ्ग अधिकृत, सातौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातकोपाधि प्राप्त ।

३. **स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग, कम्युनिटी नर्सिङ्ग अधिकृत, सातौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट पब्लिक हेल्थ (कम्युनिटी हेल्थ) नर्सिङ्ग विषयमा स्नातकोपाधि प्राप्त ।

४. **स्वास्थ्य, हेल्थ एजुकेशन, स्वास्थ्य शिक्षा अधिकृत, सातौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य शिक्षामा स्नातक उपाधि प्राप्त ।

५. **स्वास्थ्य, फिजियोथेरापी, फिजियोथेरापिष्ट, सातौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापीमा स्नातक तह उत्तीर्ण ।

६. **स्वास्थ्य, फार्मेसी, फार्मेसी अधिकृत, सातौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसीमा स्नातक तह उत्तीर्ण ।

७. **स्वास्थ्य, हेल्थ इन्सपेक्सन, जनस्वास्थ्य अधिकृत, सातौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातकोपाधि प्राप्त ।

### उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन

दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु पेश गर्नुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ ।

### अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु

(क) आदिवासी/जनजातिका हकमा : नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) मधेसीका हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात,
तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ग) दलितका हकमा : राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(घ) अपाङ्गका हकमा : स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्/सम्बन्धित स्थानीय तहबाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र,

(ङ) पिछडिएको क्षेत्रका हकमा : निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) को स्पष्टिकरण खण्ड (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिशको आधारमा ।
स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाइँसराइ गरेको खुल्ने कागजात ।

**द्रष्टव्य**

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ग) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन ।

(घ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ङ) उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने किसिम/समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ अन्यथा परीक्षामा समावेश गराईने छैन ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(छ) महिला विकास अधिकृत पदमा महिलाले मात्र प्रतिस्पर्धा गर्न पाउनेछन् ।

(ज) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(झ) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिने छ ।